**बैठक संख्या :**

आज मिति २०८०/०९ /१७ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिती निर्णय देयाय निम्नानुसार छ ।

**उपस्थिति**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | लेखा अधिकृत | श्री अर्जुन गौतम |
| २ | | अधिकृत छैटौं | श्री मित्र लाल पन्त |
| ३ | | सहायक पाँचौं | श्री आकाश प्रसाद शर्मा |
| ४ | | का. स | श्री लक्ष्मी [illegible] |

**प्रस्तावहरु**

१. गत कार्यपालिकाको बैठकको निर्णय समिक्षा सम्वन्धमा ।

२. आगामी नगर सभाको लागि मिति चयन सम्वन्धमा ।

३. IEE प्रतिवेदन स्वीकृति सम्वन्धमा ।

४. सशस्त्र प्रहरी वल आश्रीत गुल्म बागलुङको व्यवस्थापन सम्वन्धमा ।

५. साझेदारी कार्यक्रम स्वीकृत सम्वन्धमा ।

६. विभिन्न कार्यविधि पास सम्वन्धमा ।

७. राष्ट्रपति शैक्षिक सुधार अन्तर्गतका विद्यालयहरुको रंग रोगन सम्वन्धमा ।

८. पदपूर्तिको लागि विज्ञापन प्रकृया अगाडि बढाउने सम्वन्धमा ।

९. प्रदेश नीति तथा आयोग र राष्ट्रिय योजना आयोगमा योजना माग गर्ने ।

१०. हेलीप्याड निर्माण गर्ने सम्वन्धमा ।

११. करार कर्मचारीको म्याद थप सम्वन्धमा ।

१२. सवारी साधन (मोटरसाईकल) तथा कम्प्युटर डेक्सटप/ल्यापटप खरिद सम्वन्धमा ।

१३. म्याद थप सम्वन्धमा ।

१४. पहिरोको कारण नष्ट भएको फर्म संचालनको लागि आर्थिक सहायता उपलब्ध गराउने सम्वन्धमा ।

१५. अवैध उत्खनन भएको नदी जन्य पदार्थ गिटी बालुवा लिलाम गर्ने सम्वन्धमा ।

१६. डग होस्टेलको लागि जग्गा प्राप्तिको प्रकृया अगाडि बढाउने सम्वन्धमा ।

१७. विविध सम्वन्धमा ।

**निर्णयहरु**

**निणर्य नं. १**

प्रस्तवा नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको १४ औं नगरसभा मिति २०८० पौष २६ गते विहिवार विहान ११.०० बजे बागलुङ नगरपालिकाको सभाहलमा बस्ने गरी मिति तय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विभिन्न परामर्शदाता मार्फत अध्ययन गरी पेश हुन आएका तपशिल बमोजिमका IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | वातावरणीय अध्ययन प्रतिवेदनले उल्लेख गरेको स्थान | जग्गा धनि | ठेगाना |
|---|---|---|---|
| १. | दब्ल्याङ स्थित कि.नं. २२८ | चित्र कुमारी पुन | बा.न.पा. १० |
| २. | घोडेडाँडा स्थित कि.नं. २३० र २३४ | टेक बहादुर थापा र टिकाराम थापा | बा.न.पा. १० |
| ३. | चाउकाको डाँडा धुरी स्थित कि.नं. ६५११ | खडानन्द उपाध्याय | बा.न.पा. ४ |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला सुरक्षा समितिको मिति २०८०/०८/१६ गतेको बैठकको निर्णयलाई उल्लेख गरी जिल्ला प्रशासन कार्यालय, बागलुङको मिति २०८०/०९/१६ गतेको पत्रबाट अनुरोध भै आए बमोजिम **बागलुङ नगरपालिकाको साविक कार्यालय रहेको बा.न.पा. वडा नं. ३ को भवनमा सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म बागलुङलाई निर्वाचन समयमा प्रयोग गर्न दिने सहमति भए बमोजिम उक्त गुल्मले सो भवन हालसम्म प्रयोग गरी रहेकोमा सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्मको बसोवासको स्थायी समाधान नहुँदा सम्म उक्त भवन पूर्ण रुपमा प्रयोग गर्न सहमति दिने र हाल नगरपालिकाको स्वामित्वमा रहेको साविक भु-संरक्षण कार्यालयको भवन खालि गराई नगरपालिकाको कार्यालय व्यवस्थापन गर्ने साथै सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म बागलुङको स्थायी व्यवस्थापनको लागि बा.न.पा. वडा नं. ४ कुँडुले चौरी स्थित कि.नं. ५९४ को** सार्वजनिक जग्गामा भवन निर्माण लगायत स्थायी व्यवस्थापनको लागि सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम बमोजिम साझेदारी कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान गरी प्रतिस्पर्धाबाट छनौट हुन आएको हेफर प्रोजेक्ट, नेपाल, ललितपुरसंग साझेदारी कार्यक्रम संचालनको सम्झौता गरी कार्यान्वयनको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विधायन समिति मार्फत कार्यपालिकामा पेश हुन आएका तपशिल बमोजिमका कार्यविधिलाई स्वीकृत गर्ने निर्णय गरियो ।

(क) नगरको छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

(ख) सामुदायिक कुकुर व्यवस्थापनका लागि सेल्टर हाउस संचालन मापदण्ड, २०८०

(ग) मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति, २०८०

(घ) श्रमडेक्स तथा श्रमिक पहिचान कार्ड कार्यविधि, २०८०

(ङ) नीजि जग्गाको ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८०

(च) शिक्षक तथा विद्यालय कर्मचारी सरुवा (व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८०

(छ) व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८०

(ज) बागलुङ नगरपालिका कार्यसंचालन कार्यविधि, २०८०

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गत आर्थिक बर्षमा योजना संचालन भै रंग रोगन गर्न बाँकी रहेका तपशिल बमोजिमका विद्यालयहरुमा रंगरोगन गर्ने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | देउराली प्रा.वि. | बा.न.पा ४, वडारचौर | २००,०००। |
| २ | बसन्धरा प्रा.वि. | बा.न.पा ३, खहरे | १५०,०००। |
| ३ | शिवालय आधारभूत प्रा.वि. | बा.न.पा. १०, द्वारा | १५०,०००। |
| ४ | अमर प्रा.वि. | बा.न.पा. ६, लमगाउ | १५०,०००। |
| ५ | चौतारेडाडा मा.वि. | बा.न.पा. १०, निफन्ने | २००,०००। |
| ६ | आधारभूत विद्यालय | बा.न.पा. १४ नारायणस्थान | २००,०००। |
| ७ | जनताधन मा.वि. नारायणस्थान | बा.न.पा. १४ नारायणस्थान | २००,०००। |
| ८ | दुर्गा आ.वि. | बा.न.पा. १३, लहरेवर | १५०,०००। |
| ९ | शिवालय आ.वि. | बा.न.पा. १३, काप्राबोट | २००,०००। |
| १० | भैरव मा.वि. | बा.न.पा. १० | २००,०००। |
| ११ | विश्वकर्मा मा.वि. | बा.न.पा. ७ | २००,०००। |
| १२ | लक्ष्मीनारायण आ.वि. | बा.न.पा. १२ | २००,०००। |
| १३ | जनता आ.वि तमाखुवारी | बा.न.पा. ११ | १५०,०००। |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १४ अन्तर्गत नारायणस्थान स्वास्थ्य चौकीमा कार्यरत ल्याव असिस्टेन्ट एन्जिला थापाले राजिनामा दिनु भै ल्याव असिस्टेन्ट पद रिक्त हुन गएको हुँदा उक्त रिक्त दरवन्दी पदपूर्तिको लागि विज्ञापन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रमका लागि प्रदेश नीति आयोग र राष्ट्रिय योजना आयोगमा देहाय बमोजिमका योजना तथा कार्यक्रम माग गरी पठाउने निर्णय गरियो ।

**(क) प्रदेश नीति आयोगमा माग गर्नु पर्ने योजना तथा कार्यक्रमको विवरण**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | श्री महाविद्याजन मा.वि. आवशिय पूर्वाधार निर्माण, बा.न.पा. ११ | |
| २ | श्री त्रिभुवन मा.वि. आवशिय पूर्वाधार निर्माण, बा.न.पा. १३ | |

**(ख) राष्ट्रिय योजना आयोगमा माग गर्नु पर्ने योजना तथा कार्यक्रमको विवरण**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | ब्लु हिल पर्यटकीय गन्तव्य स्थल निर्माण, बा.न.पा. ९ | समपुरक |
| २ | नगर अस्पताल थप पूर्वाधार निर्माण, बा.न.प १३ | विशेष अनुदान |
| ३ | आधुनिक प्रविधिको उपयोग गरी फोहरमैला व्यवस्थापन गर्ने कार्य | विशेष अनुदान |
| ४ | एक विद्यार्थी एक वेन्च कार्यक्रम | विशेष अनुदान |
| ५ | पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम | विशेष अनुदान |

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ६ स्थित सर्वसिद्धिधाम पञ्चकोटमा मिति २०८० फाल्गुन ९ गते देखी २३ गते सम्म सम्पादन हुन गई रहेको अनन्त श्री ब्रह्माण्डीय महायज्ञ २०८० लाई लक्षित गरी हेलिप्याड निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा करारमा कार्यरत कर्मचारीको म्याद २०८० पौष मसान्त सम्म भएको हुँदा बागलुङ नगरपालिका करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा, सुविधा र

सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० को दफा ३ बमोजिम २०८१ असार मसान्त सम्मको लागि थप छ (६) महिना करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा वडाको प्रशासनीक कार्यलाई छिटो छरितो तथा चुस्त दुरुस्त राख्नको लागि सवारी साधन (मोटरसाईकल) सुविधा नभएका वडाहरुमा मोटरसाईकल खरिद गर्ने र कार्यालयमा काम गर्ने विभिन्न शाखा तथा स्वास्थ्य संस्थामा कम्प्युटर डेक्सटप/ल्यापटप खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न वडामा संचालीत निम्नानुसारका योजनाको निर्माण तथा मर्मत एवं स्तरोन्नती गर्ने कार्यका लागी विभिन्न निर्माण कम्पनी वीच संझौतामा भई फिल्डमा विभिन्न कारणवश निर्माण कार्य रोकिएका आयोजनाहरुमा अव उप्रान्त कार्य प्रक्रिया अगाडि बढाउन नसकिने भएकोले सुविस्ताका आधारमा ठेक्का अन्त्य गर्नका लागि तपशिल बमोजिम म्याद थप प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | योजनाको नाम | वडा नं. | ठेक्का नं. | म्याद थप अवधि | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|
| १. | Construction of Approach Road And Land Development at Davgara | ४ | BAGMUN/W/06-078/079 | २०८० साल माघ मसान्त | तिलक निर्माण सेवा, बागलुङ |
| २. | काभ्रेडाँडा जल्केनी घुम्ती चिसाखोला भैरवस्थान सडक स्तरोन्नती | १२,१३ | BAGMUN/W/07-076/077 | २०८१ साल आषाढ मसान्त | रौताहा कन्स्ट्रक्सन प्रा.लि., उदयपुर |
| ३. | Lamichour Watersupply Projects | ८ | BAGMUN/W/08-079/080 | २०८० साल माघ मसान्त | एप्पल कन्स्ट्रक्सन, बागलुङ |

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा बा.न.पा वडा नं. ११ स्थित रामतोलामा आएको पहिरोको कारण नष्ट भएको फर्म संचालनको लागि आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा अवैध उत्खनन भएको नदी जन्य पदार्थ गिटी बालुवाको आवश्यक प्रकृया पुरा गरी प्रदेश कानुन बमोजिम प्रति क्यु.फिट रु १२ का दरले लिलाम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको १६ औ नगरसभाद्धारा पारित नीति तथा कार्यक्रम र आ.व.०८०/०८१ को बजेट तथा कार्यक्रममा समावेश भएको कुकुर सेल्टर हाउस निर्माणको लागि बागलुङ नगरपालिका वडा नं. ४ स्थित ढोडेनी छिपछिपे क्षेत्रमा रहेको जिप भन्ने स्थानको कि.नं. ७३७ क्षे.फ. ६६०-११-०-० मध्येबाट ५ रोपनी जग्गा सामाजिक, वातावरणीय हिसावले उपयुक्त देखिएको, धार्मिक, साँस्कृतिक र सम्प्रदायिक सद्भावको प्रतिकुल नहुने रहेको, बस्ती देखि टाढा रहेको हुँदा उक्त जग्गा प्रयोगको अनुमतिको लागि सम्वन्धीत निकायमा लेखि पठाउने निर्णय गरियो ।